प्रतिवेदन

नयाँ बन्ने संविधानमा न्यायपालिका:

छलफल कार्यक्रम

भूमिका

विषय-सूची

भूमिका २
कार्यकारी सारांश ४
पृष्ठभूमि ६
१. प्रमुख तथा विशिष्ट अतिथिहरूको मन्तव्य ९
२. अतिथिहरूको मन्तव्य १४
३. सभासद्हरूको मन्तव्य १८
४. कानून व्यावसायीहरूको मन्तव्य २३
५. नागरिक समाज तथा पेशागत समुदायको प्रतिनिधिहरूको मन्तव्य ३३
६. सुझावहरू ३४
७. निष्कर्ष ३५
८. कार्यपत्रहरू
८.१ न्यायप्रणाली समितिको प्रतिवेदन र राष्ट्रिय परिवेशसम्बन्धमा डा. भीमार्जुन आचार्यद्वारा तयार गरिएको कार्यपत्र ३७
८.२ न्यायप्रणाली समितिले पेश गरेका प्रतिवेदन र अन्तर्राष्ट्रिय मापदण्ड सम्बन्धमा ओएचसीएचआरका राजु चापागाईद्वारा प्रस्तुत कार्यपत्र ४१

संविधानसभाका ११ ओटा विभिन्न विषयगत समितिहरूमध्ये केही समितिहरूले आ-आफ्नो मस्यौदा प्रतिवेदन संवैधानिक समितिमा बुझाइसकेका छन् भने केही समितिहरूले प्रतिवेदन बुझाउने क्रम जारी छ। नयाँ संविधान बनाई शान्ति प्रक्रियालाई विवेकपूर्ण निष्कर्षमा पुऱ्याउनका लागि संविधानसभाका सबै विषयगत समितिहरूको आ-आफ्नो गहन महत्त्व छ। समितिले तयार गरेका केही मस्यौदा प्रतिवेदनहरूमा सहमति जुट्न सकेको छ भने केही समितिहरूमा समितिका सदस्यहरूबीच नै विषयगत प्रतिवेदनमाथि सहमति जुट्न सकेको छैन। यसरी सहमति कायम हुन नसकेको मस्यौदा प्रतिवदनहरूमध्ये संविधानसभा न्यायप्रणाली सम्बन्धी समितिले तयार गरेको प्रतिवेदन पनि एक हो।

न्यायप्रणालीसम्बन्धी समितिले तयार गरेको प्रतिवेदनमा सम्बन्धित पक्षका सरोकारवालाहरूबाट व्यापक बहस भएपछि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र संवैधानिक कानून व्यवसायी मञ्चको संयुक्त आयोजनामा सरोकारवालाहरूको उपस्थितिमा

भूमिका

"**अब बन्ने संविधानमा न्यायप्रणाली**" विषयक अन्तरक्रियाको आयोजना गरी समितिले तयार गरेको मस्यौदा प्रतिवेदनमाथि छलफल गरिएको छ। अन्तरक्रियामा संवैधानिक समितिको अध्यक्ष, न्यायप्रणालीसम्बन्धी समितिका पदाधिकारी, न्यायाधीश, कानुन व्यवसायी, नागरिक समाजको प्रतिनिधिहरूबाट प्राप्त भएका महत्त्वपूर्ण सल्लाह सुझावलाई संवैधानिक समितिमा पेश गर्ने गरी यो प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनले नयाँ बन्ने संविधान निर्माण प्रक्रियालाई सहयोग पुग्ने अपेक्षा गरिएको छ। न्यायप्रणालीसम्बन्धी समितिले तयार गरेको प्रतिवेदनमा उल्लेख भएका प्रावधानहरू उचित, न्यायोचित, तर्कसङ्गत र भावी पुस्तासमेतले सम्मान गर्ने खालको लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित हुनुपर्ने आम प्रचलन छ।

जनताको मौलिक अधिकार र मानवअधिकारको प्रत्याभूतिका लागि राज्यका तीन अङ्गहरू न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाबीच शक्ति पृथकिकरण तथा नियन्त्रण र सन्तुलनसम्बन्धी सिद्धान्त अनुसार गठन भएको हो। यी तीन अङ्गमध्ये कुनै एक अङ्ग मात्र स्वेच्छाचारी नरहोस् भन्ने मोन्टेस्क्युको सिद्धान्तको मूल आशय हो। संविधानसभाका विभिन्न समितिहरूद्वारा तय गरिएका सामग्रीहरू समय सापेक्ष राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषय वा प्रसङ्गसँग मेल खाएको हुनु पर्छ।

सरोकारवाला र संविधानसभाका सम्बन्धित विषयगत समितिलाई संविधान निर्माण प्रक्रियामा सहयोग पुग्ने अपेक्षासहित यो प्रतिवेदन प्रकाशित गरिएको छ। प्रतिवेदन तयारीको क्रममा संलग्न सबैप्रति हार्दिक धन्यवाद दिन चाहन्छु।

०६६ मङ्सीर

सुबोधराज प्याकुरेल
अध्यक्ष

प्रतिवेदन

कार्यकारी सारांश

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र संवैधानिक कानून व्यवसायी मञ्च, काठमाडौँमा असोज २ गते आयोजना गरेको **"नयाँ संविधानमा न्यायपालिका"** विषयक अन्तरक्रियामा संवैधानिक समितिका सभापति निलाम्बर आचार्यले आधारभूत दर्शनको अभावका कारण संविधान निर्माणमा कठिनाई भएको बताउनु भयो। आचार्यले सबै क्षेत्रको सुझावहरू संवैधानिक समितिको सम्पत्ति भएको उल्लेख गर्दै उक्त विषय छलफल प्रक्रियामा रहेकाले लोकतान्त्रिक र जनतालाई बलियो बनाउने संविधान निर्माण गर्नुपर्ने बताउनु भएको थियो। कार्यक्रममा न्यायप्रणालीसम्बन्धी समितिका सभापति प्रभु शाहले सर्वोच्च अदालत र नेपाल बार एसोसिएशन सम्मानित संस्था भएको उल्लेख गर्दै न्यायप्रणालीमा विज्ञहरू विभाजित नभई आग्रह र पूर्वाग्रहबाट मुक्त हुनुपर्नेमा जोड दिनुभयो। समितिले मानवअधिकारको सम्मान गरेको उल्लेख गर्दै न्यायाधीश पुन: नियुक्ति, परिवर्तनको परिवेश र समानुपातिक समावेशीको लागि भएको शाहले बताउनु भयो।

कार्यक्रममा नेपाल बार एसोसिएशनका अध्यक्ष विश्वकान्त मैनालीले सबैको सहमतिमा संविधान निर्माण गरिनु पर्नेमा जोड दिँदै संविधान तोकिएकै समयमा बनाउन नसके आफ्नो पदीय जिम्मेवारी र मुलुकको बारेमा सोच्न संविधानसभा सदस्यहरूलाई आग्रह गर्नुभयो। नेपाल बार एशोसिएशनका उपाध्यक्ष हरिप्रसाद उप्रेतीले न्यायप्रणालीलाई संसदको मातहतमा राख्न नहुनेमा जोड दिँदै न्यायप्रणाली स्वतन्त्र हुनुपर्ने बताउनु भयो। महान्यायधिवक्ता प्रा.डा. भरतबहादुर कार्कीले न्यायपालिका शक्तिशाली हुनुपर्ने भन्दै प्रणालीलाई बलियो बनाउनु पर्नेमा जोड दिनुभयो। कार्यक्रमको अध्यक्षता गर्दै इन्सेक कार्यसमिति सदस्य तथा संवैधानिक कानून व्यवसायी मञ्चका अध्यक्ष टीकाराम भट्टराईले प्रणाली समितिको प्रतिवेदनमा अझै छलफल आवश्यक रहेको बताउनु भयो।

कार्यक्रममा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित

कार्यकारी सारांश

कार्यालयका राजु चापागाईले न्यायप्रणाली समितिले पेश गरेको प्रतिवेदन र अन्तर्राष्ट्रिय मापदण्डसम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै बहुमतीय प्रणालीमा न्यायप्रणाली स्वेच्छाचारी भएमा खतरा बढ्ने बताउनु भयो।

कार्यक्रममा संविधानसभा सदस्य एकराज भण्डारी, नारायणी शर्मा, देवी खड्का, रामबहादुर थापा (उदयपुर) लगायतले न्यायाधीश पुनः नियुक्ति र बाहिरबाट ल्याउने कुराले समावेशीलाई जोड दिएको दाबी गर्नुभयो। न्यायप्रणाली सिङ्गो संरचनाको एक भाग मात्र भएको उल्लेख गर्दै राज्यका सबै संरचनाको पुनर्संरचना गरिनु जरुरी रहेको बताउनु भयो। नेपाल बार एशोसिएशनका पूर्व अध्यक्ष अधिवक्ता शम्भु थापा, वरिष्ठ अधिवक्ता बद्रीबहादुर कार्की, अधिवक्ता गणेश दत्त भट्ट, सर्वोच्च अदालतका रजिस्ट्रार डा. रामकृष्ण तिमल्सिना, हरिकृष्ण कार्की, बाबुराम दाहाल, रक्षा बस्याल, राजनीतिशास्त्रका प्राध्यापक लालबाबु यादवलागायतले न्यायपालिका स्वतन्त्र हुनु पर्नेमा जोड दिनु भएको थियो।

कार्यक्रममा सहभागीहरूले न्यायप्रणालीसम्बन्धी समिति र सम्बन्धित पक्षलाई सल्लाह र सुझाव दिँदै कुनै पनि कानून, नियम र प्रक्रिया अवलम्बन गर्दा विश्वव्यापी आम प्रचलनमा रहेको मान्यतासँग नबाझिने गरी बनाएको हुनु पर्नेमा जोड दिँदै सुधार गर्नुपर्ने क्षेत्रमा सुधारको आवश्यकतालाई औँल्याउनु भएको थियो। कुनै पनि कुराको परिवर्तन आवश्यक भएको भन्दै त्यो विज्ञानसम्मत हुनु पर्नेमा जोड दिनु भएको थियो। तर, परिवर्तनको नाममा गरिएको परिवर्तनले परिवर्तनपश्चात्का परिणामहरू जनोपयोगी, जनप्रभावकारी, सकारात्मक र मौजुदा अवस्थामा भन्दा बढी प्रभावकारी हुनु पर्नेमा सहभागीहरूको एक मत थियो। अन्यथा यी काम कार्यबाहीलाई भावी सन्ततीले धिक्कार्ने बाहेक अर्को केही नहुने बताउनु भयो। कार्यक्रममा अधिवक्ताहरूले न्यायाधीश नियुक्ति, पुनः नियुक्ति र न्यायाधीश बाहिरबाट ल्याउने प्रक्रिया व्यवस्थापिका संसदबाटै गरिने भएकोमा असन्तुष्टि प्रकट गर्नु भएको थियो। तर, केही सभासद्हरूले यस प्रक्रियाले न्यायक्षेत्रमा समावेशी हुने बताउनु भयो।

प्रतिवेदन

पृष्ठभूमि

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र संवैधानिक कानून व्यवसायी मञ्चले संयुक्त रूपमा ०६६ असोज २ गते **"नयाँ बन्ने संविधानमा न्यायपालिका"** विषयक अन्तरक्रिया सम्पन्न गरेको छ। कार्यक्रममा सभासद्हरू, संविधानसभाका विभिन्न समितिका सदस्यहरू, कानून व्यवसायी, नागरिक समाजका प्रतिनिधि र पत्रकारको उपस्थिति थियो। कार्यक्रमका प्रमुख अतिथि संविधानसभाको संवैधानिक समितिका सभापति निलाम्बर आचार्य, विशिष्ठ अतिथि न्यायप्रणाली समितिका सभापति प्रभु शाह र अतिथिहरूमा नेपाल बारका अध्यक्ष विश्वकान्त मैनाली, महान्यायाधिवक्ता डा. भरत कार्कीलगायतकाले आ-आफ्नो मन्तव्य राख्नु भएका थिए। कार्यक्रममा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयका राजु चापागाईले न्यायप्रणाली समितिले पेश गरेको प्रतिवेदन र अन्तर्राष्ट्रिय मापदण्डसम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै बहुमतीय प्रणालीमा न्यायप्रणाली स्वेच्छाचारी भएमा खतरा बढ्ने बताउनु भयो।

वर्तमान सन्दर्भमा स्वतन्त्र न्यायालयमाथि विभिन्न क्षेत्रबाट सुधार गर्नुपर्ने आवाज उठिरहेको अवस्थामा संविधानसभाको न्यायप्रणाली समितिले तयार गरेको मस्यौदा प्रतिवेदन संवैधानिक समितिमा बुझाएको छ। प्रतिवेदनमा समितिका सदस्यहरूबाट सर्वसम्मति जुट्न नसकेपछि यो प्रतिवेदन अझै थप छलफलको विषय बन्न पुगेपछि सम्बन्धित क्षेत्रका प्रतिनिधिहरू, न्यायाधीश, कानून व्यवसायी, नागरिक समाजका प्रतिनिधि, पत्रकार, राजनीतिकर्मीको उपस्थितिमा इन्सेक र संवैधानिक कानून व्यवसायी मञ्चद्वारा कार्यक्रम सम्पन्न गरिएको थियो।

पृष्ठभूमि

कार्यक्रम अन्तरक्रियात्मक शैलीबाट सम्पन्न गरिएकोले उपस्थित सहभागीहरूले आ-आफ्नो विचार प्रस्तुत गर्नु भएको थियो। कार्यक्रमको अध्यक्षता तथा कार्यक्रमको सञ्चालन गर्दै इन्सेक कार्यसमिति सदस्य तथा संवैधानिक कानून व्यवसायी मञ्चका अध्यक्ष टीकाराम भट्टराईले न्यायप्रणालीसम्बन्धी समितिको प्रतिवेदनमा जति छलफल हुनुपर्ने हो त्यति हुन नसकेको बताउनु भएको थियो भने स्वागत इन्सेकका देवेन्द्र अधिकारीले गर्नुभएको थियो।

उद्देश्य

- न्यायप्रणाली समितिको प्रतिवेदन विवादस्पद बन्न पुगेपछि यससम्बन्धमा सरोकारवालाहरूलाई आवश्यक जानकारी गराउने,
- न्यायालयसम्बन्धी चर्चामा रहेको विषयहरूको यथोचित समाधान खोज्न,
- न्यायप्रणाली समितिका सदस्य, न्यायाधीश, न्यायालयमा कार्यरत व्यक्तित्वहरू, कानून व्यवसायी र नागरिक समाजका प्रतिनिधिहरूबीचमा छलफल चलाउने,
- न्यायप्रणाली समितिद्वारा तयार गरिएको प्रतिवेदनमा आवश्यक संशोधनका लागि सहजीकरण गर्ने,
- संविधान निर्माण प्रक्रियालाई सहयोग पुऱ्याउने,
- लोकतान्त्रिक सङ्घीय गणतन्त्रात्मक संविधान बनाउन सहयोग पुऱ्याउने।

देवेन्द्र अधिकारी, इन्सेक, स्वागत मन्तव्य

उपस्थित प्रमुख अतिथि, विशिष्ठ अतिथि, अन्य अतिथि र उपस्थित सम्पूर्ण वर्गमा हामी इन्सेक र संवैधानिक कानून व्यवसायी मञ्चको तर्फबाट स्वागत गर्न चाहन्छौँ। न्यायप्रणालीसम्बन्धी समितिमा धेरै चर्चा भएपछि इन्सेकले यो सम्बन्धमा सम्बन्धित पक्षहरूलाई जम्मा गरेर

छलफल गर्न आवश्यक ठानेको कारणबाट यो अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको हो।

टीकाराम भट्टराई, अध्यक्ष, संवैधानिक कानुन व्यावसायिक मञ्च

औपचारिक वा अनौपचारिक रूपमा न्यायप्रणालीको प्रतिवेदनमा अन्य समितिको प्रतिवेदनभन्दा बढी चर्चामा आएको छ। यति धेरै चर्चामा आएको प्रतिवेदनलाई जनतासमक्ष बढी छलफल गराउन पर्ने हो वा होइन भन्ने कुरामा हामीले बढी जोड दिनुपर्छ। न्यायप्रणालीमा जे लेखेको भएपनि जनताको हितमा न्यायप्रणाली समितिका सदस्यहरूले जोड दिँदै आ-आफ्नै कुराहरू राख्न अनुरोध गर्दछु।

अन्तमा सबै उपस्थितहरूलाई धन्यवाद दिन चाहन्छु। आजको निष्कर्ष भनेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान बनाउनेमा सबैको साझा प्रतिबद्धता प्रटक भएका छन्। यो प्रतिवेदन सबैको साझा भएकोले सबैको भावनालाई समेटिएर मात्र प्रतिवेदनलाई पूर्णता बनाउन सकिन्छ।

प्रमुख तथा विशिष्ट अतिथिहरूको मन्तव्य

निलाम्बर आचार्य, प्रमुख अतिथि
अध्यक्ष, संवैधानिक समिति

यहाँ उठेका सबै विषयगत कुराहरूले संवैधानिक समितिलाई संविधान निर्माणको लागि राम्रो विषयवस्तु प्राप्त भएको छ। यहाँ उठेका कुरा हेर्दा व्यवस्थापिकाको क्षेत्राधिकारको बारेमा कुरा गरेको जस्तो भएको छ। विषयगत समितिले बुझाएको सुझावलाई बढी ध्यान दिनुपर्छ होला।

अब बन्ने संविधानको आधारभूत आर्दश के हुने हो भन्ने सम्बन्धमा छलफल गर्नुपर्ने भएको छ। आधारभूत निर्देशिकाको अभावमा विषयगत समितिले आफ्नो प्रतिवेदन तयार गर्न गाह्रो भएको छ। ०६७ जेठ १५ गतेभित्र संविधान बनाउनु पर्ने भन्ने प्रस्ताव छ। यसलाई सम्बन्धित पार्टीहरूले सहमति जनाई संवैधानिक समितिलाई निर्माण प्रक्रियामा सघाउने छन् भन्ने लागेको छ। उच्च स्तरीय राजनीतिक संयन्त्र बनाउने भन्ने कुरा उठिराखेको छ, यसले संविधान निर्माणमा सहयोग पुग्छ भन्ने मलाई लागेको छ। न्यायप्रणालीसम्बन्धी समितिले तयार गरेको प्रतिवेदनमा यति धेरै चर्चा गरिनुले अरु समितिमा पनि सकारात्मक प्रभाव पार्छ र संविधान निर्माण प्रक्रियाले सार्थकता पाउँछ भन्ने लागेको छ। संविधान निर्माण प्रक्रिया छुट्टै अवस्थामा रहन सक्तैन। राजनीतिक अस्थिरताले संविधान निर्माण प्रक्रियामा ढिलाई भएको छ। राजनीतिक अवस्था सुधारमा पनि ध्यान दिनुपर्छ। अहिले विषयगत समितिमा देखिएको समस्यामा राजनीतिक प्रभाव हो। राजनीतिक

प्रमुख तथा विशिष्ट अतिथिहरूको मन्तव्य

दलहरूको आदेशमा विविधता छ तर, विषयगत क्षेत्रमा एकमत हुनुपर्छ। राजनीतिक अस्थिरता भएपनि चरम सङ्कटमा हामी पुगेका छैनौँ। मुलुकको सामाजिक/आर्थिक अवस्थाले संविधान निर्माणमा निर्देशित गर्छ। आधारभूत दर्शनको अभावका कारण संविधान निर्माणमा कठिनाई भएको छ।

सबै पक्षको सुझाव संवैधानिक समितिको सम्पत्ति भएको हो। उक्त विषय छलफल प्रक्रियामा रहेकाले लोकतान्त्रिक, जनतालाई बलियो बनाउने संविधान निर्माण गर्नुपर्ने छ। स्वतन्त्र न्यायप्रणालीको सम्बन्धमा जुन बहस छलफल भएको छ त्यसले संविधानको मूल विषयमा प्रवेश भएको देखिएको छ। संविधान प्रक्रिया एक्लैको प्रयास नभई दलित, जनजाति, मधेसी, महिला, विपन्न वर्ग, मजदुर सबैलाई अटाउने हुनु पर्छ।

हामी सबैजना कठिन अवस्था पार गरेर यहाँसम्म आइसकेको हुनाले हामीसँग मिलन विन्दु खोज्न सकिने पर्याप्त आधारहरू छन् जसले पहिलो लोकतान्त्रिक गणतन्त्रयुक्त संविधान बनाउन मद्दत पुग्छ। म धेरै आशावादी भएको छु राजनीतिक दलहरूबीच सम्बन्ध सुधार हुन्छ भन्नेमा। हामीले सहमतिको संस्कार स्थापित गर्न सक्यौँ भने हामीले सबै कार्यहरू समयमा नै सम्पन्न गर्न सक्छौँ। अब बन्ने संविधान निश्चयपनि लोकतान्त्रिक मूल्य र मान्यतामा नै बन्ने छ। अर्को कुरा, हामीले ख्याल गर्नुपर्ने कुरा के हो भने, अहिले न्यायप्रणालीसम्बन्धी समितिमा विवाद भनेको सार्वभौमसत्ता कसमा निहीत हुने ? भन्ने हो। सार्वभौमसत्ता कोसँग रहन्छ ? भन्ने नै प्रमुख कुरा हो। सार्वभौम र राज्य शक्तिबीच कस्तो सम्बन्ध हुन्छ ? भन्ने नै प्रमुख कुरा हो। महत्पूर्ण कुरा सार्वभौमसत्ताको प्रयोग कसरी हुन्छ ? भन्ने नै हो। हामीसँग राज्यका तीन स्वतन्त्र अङ्गहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका सार्वभौम सम्पन्न छन्। अहिले नागरिकको सार्वभौम पनि महत्वपूर्ण कुरा हो। जुन उपभोग गर्दै आइरहेको मौलिक हक र बालिग मताधिकार हुन्। यी अधिकारहरू हनन् भएमा हामीले न्यायालयबाट यसको उपचार पाउने छौँ। त्यसैले

प्रमुख तथा विशिष्ट अतिथिहरूको मन्तव्य

स्वतन्त्र न्यायपालिकाले मात्र यस्ता अधिकारको संरक्षण गर्न सक्छ। सर्वोच्च अदालतमा नै न्यायिक सर्वोच्चता रहन्छ। यसले मात्र न्यायिक स्वतन्त्रताको अवधारणालाई समेट्न सक्छ। त्यो भन्दा कसैलाई माथि राखिन्छ भने सार्वभौम प्रयोगको सिद्धान्तबाट पर हट्न सक्छ। र कसैले पनि कुनै विषयको संरक्षण र अधिकार प्रत्याभूति दिलाउन सक्दैन। त्यसले सार्वभौम सम्पन्न बनाउन तिर लाग्यौँ भने लगभग समस्या सल्टिन्छ।

संविधानसभाले नै सबै पक्ष, तह र तप्काका व्यक्तिसँग छलफल गरेर मात्र सम्पूर्ण विषय वस्तुहरूको किनारा लगाउने छ। लोकतान्त्रिक गणतन्त्र मुताविक संविधान लेख्ने छ। संविधानसभाको निर्वाचनको मूल आसय भनेको सम्पूर्ण देशवासी नै संविधान निर्माण प्रक्रियामा संलग्न हुन्छन् भन्ने हो। त्यसैले जनताले संविधानसभा निर्वाचनको माग गरेका हुन्। संविधान अल्पमत र बहुमतको आधारमा होइन, दुई तिहाईको आधारमा पनि होइन यो आम सहमतिको आधारमा बन्छ। किनकी सबैले संविधानलाई अपनत्व महसुस गर्ने गरी उपभोग गर्न पाउनु पर्छ। संवैधानिक समितिले यस कार्यक्रमको छलफलबाट आएको विषयगतले धेरै प्रेरणा ग्रहण गर्न सक्छ।

प्रभु शाह, विशिष्ठ अतिथि
सभापति,
न्यायप्रणालीसम्बन्धी समिति

न्यायप्रणालीसम्बन्धी समितिद्वारा बनाएको प्रतिवेदन विशेष छलफलबाट आगामी दिनहरूमा भावी पुस्ताले दुःख पाउन नपरोस् भनेर यो

प्रमुख तथा विशिष्ट अतिथिहरूको मन्तव्य

प्रतिवेदन तयार गरिएको हो। हाम्रो समितिले तयार गरेको प्रतिवेदन पनि वैज्ञानिक र विधिसम्मत छ भन्ने लागेको छ। संविधानसभा गलत बाटोबाट गएको छ भन्ने कुरा गलत हो। न्यायप्रणाली समितिले ठूलो विधि र मान्यतालाई ख्याल गर्दै यो प्रतिवेदन बनाइएको हो। लोकतान्त्रिक पद्धति अनुसार यो प्रतिवेदन बनाइएको हो। लोकतान्त्रिक पद्धति अनुसार यो प्रतिवेदन बनाइएको छ। त्यसैले नेपाली जनताको हितमा यो प्रतिवेदन रहने छ। तपाईं सहभागीहरूले दिएको सुझावलाई सम्मान गर्दै यही सुझावको आधारमा प्रतिदिनलाई सुधारिने छ। मलाई दु:ख लागेको छ किनभने सम्मानित सर्वोच्च अदालत र नेपाल बारलाई हामीले लिखित पत्रमार्फत सुझाव माग गरेका थियौँ। तर, उहाँहरूले दिनु भएन। अहिले आएर विपरीत शैलीले आफ्नो विचार राख्दा अलि नमिलेको जस्तो भएको छ। विचाराधीन अवस्थामा रहेको प्रतिवेदन अलोकतान्त्रिक पद्धतिलाई अवलम्बन गरी बनाउने छैनौँ र हामीले संशोधन नै गर्दैनौँ भनेका पनि छैनौँ। हामी वस्तुवादी र यथार्थपरक संविधान बनाउने हाम्रो उद्देश्य छ। त्यसैले हामी निर्धक्क भएर कार्य गरेका छौ।

न्यायप्रणालीको प्रतिवेदनमा लिखित सुझाव नदिएपनि अहिले जे सल्लाह दिनु भएको छ त्यो राम्रो छ। त्यो ठिकै छ। न्यायप्रणालीलाई प्रतिवेदन नबुझाएर संवैधानिक समितिलाई बुझाउने भन्ने खालको जुन कुरा छ, त्यसले मलाई दु:ख बनाएको छ। यसरी पूर्वाग्रही ढङ्गले विज्ञहरू नै विभाजित हुनुभयो भने त्यसले संविधान निर्माण प्रक्रिया अवरुद्ध हुन पुग्छ। न्यायप्रणालीसम्बन्धी समितिमा छलफल भए अनुसार हाम्रो न्यायप्रणाली पूर्ण छैन, सुधार गर्नु पर्छ। ८० प्रतिशत सुझावले न्याप्रणालीमा सुधार गर्न मानिएको छ। अहिलेको न्यायप्रणालीमा सरल, सर्वसुलभ र पहुँच छैन। त्यसले रूपान्तरणको लागि समिति, सदस्यहरूबीच सहमति भएको हो। त्यसैले न्यायप्रणालीमा सुधारको लागि समग्र राज्यको संरचनामा नै परिवर्तन गरिनु पर्छ। न्याय परिषद्ले न्यायाधीशलाई गरेको नियुक्त अपारदर्शी थियो। आधार स्पष्ट थिएन। न्यायाधीशलाई नयाँ संविधानमा कसरी नियुक्ति गर्न सकिन्छ भन्ने

प्रमुख तथा विशिष्ट अतिथिहरूको मन्तव्य

मनसायले यस्तो व्यवस्था गरिएको हो। नियुक्ति कुनै अमुक शक्तिले नगरी जनताले नै गरोस् भन्ने अभिप्राय हो। स्वतन्त्र न्यायपालिका भएन भने लोकतन्त्र सुदृढ हुन सक्तैन भन्ने कुरामा म सहमत छु। स्वतन्त्र न्यायपालिका कहिले पनि अराजक र स्वच्छन्दता हुन सक्तैन। स्वतन्त्रको पनि सापेक्षित व्याख्या छ। न्यायालयमा नै धेरै शक्ति दिइनु पर्छ भन्ने पनि मलाई ठिक लाग्दैन। अभाव, दबाब, प्रभावबाट मुक्त गराउने संयन्त्र बनाउन पर्ने बेला भएको छ। समय परिवर्तनशील छ, र परिवर्तन वैज्ञानिक आधारमा हुनु पर्छ। त्यसैले उचित मनासिव परिवर्तनको पक्षमा हामी छौं। न्यायाधीश पुर्ननियुक्ति आवश्यक छ किनभने सङ्घीय व्यवस्था भएपछि त्यस विभिन्न तहको अदालतहरू हुन्छन्। त्यति बेला पुनर्नियुक्ति गर्नुपर्ने हुन्छ। न्यायाधीशको नियुक्ति एउटै संयन्त्रबाट गर्नु भन्ने कुरामा म सहमत हुन सक्तैन किनकी सर्वोच्च अदालतले एउटै मुद्दामा फरक-फरक व्याख्या गरेको अवस्था छ। सर्वोच्च अदालतले कतिपय मुद्दा फैसला नगरेर यो त राजनीतिक मुद्दा हो भनेर पन्छाएको अवस्था पनिछ। त्यस्तो अवस्थामा कानूनको व्याख्या नगरिएको अवस्था छ।

सर्वोच्च अदालत र नेपाल बार एसोसिएशन सम्मानित संस्था हो। न्यायप्रणालीमा विज्ञहरू विभाजित नभई आग्रह र पूर्वाग्रहबाट मुक्त हुनु पर्छ। समितिले न्यायप्रणालीलाई निरङ्कुश बनाउन खोजेको छैन। समाज परिवर्तनशील छ तसर्थ न्यायप्रणालीलाई समेत परिर्वतन गरौँ भन्ने मान्यतालाई बुझ्नु पर्छ। समितिले मानवअधिकारको सम्मान गरेको छ। न्यायाधीश पुनः नियुक्ति प्रक्रिया, परिवर्तनको परिवेश, समानुपातिक र समावेशीको लागि भएको हो।

अतिथिहरूको मन्तव्य

विश्वकान्त मैनाली, अतिथि
अध्यक्ष, नेबाए

माननीय सभासद्हरूले अहिले व्यावहारिक हुनुपर्ने भएको छ किनभने संसदमा बहुमत छैन। जनभावना अनुसार सहमतीय प्रणालीबाट संविधान बनाउनु पर्छ। तपाईं सभासद्हरूले तोकेको मितिमा संविधान बनाउन सक्नु भएन भने प्रत्येक सभासद्हरूले आफ्नो र मुलुकको भविष्यको बारेमा सोच्नु पर्छ।

व्यवस्थापिका सार्वभौम सम्पन्न निकाय हो जोसँग दुई तिहाइ मत संसदमा छ उसले जे पनि गर्न सक्छ तर, त्यो अवस्था छैन। हैन जबरजस्ती शासन सत्ता कब्जा गरेर शासन गर्न सकिन्छ जस्तो लाग्छ भने तपाईंहरूलाई सलाम छ। नत्र भने लोकतन्त्रको माध्यमद्वारा सरकार बनाउँछु भन्नुहुन्छ भने यो भन्दा अर्को उत्तम विकल्प छैन। कतिपय सेवाहरू प्राविधिक खालका हुन्छन् ती भागवण्डा हुन सक्तैनन्। समावेशीको नाममा नियुक्तिको सवालमा समावेशी हुने गरी सबै जातिका विद्यार्थीलाई कानून विषय पढाऔं। ताकी उनीहरूलाई न्यायालयमा नियुक्तिका लागि योग्य बनाउन सकियोस्। त्यसैले न्याय र यसका अन्तरवस्तुहरू पूर्णत: प्राविधिक कुरा हो। धेरै सभासद्हरू बढी आवेशमा आउनुहुन्छ। न्यायापालिकाको नमूना संसारभरी एउटै नमूना छैन। नेपाललाई एक्लो अवस्थामा राख्न हुँदैन। आम प्रचलन भन्दा बाहिर गएर संविधान बनाउन सकिँदैन।

अतिथिहरूको मन्तव्य

हरिप्रसाद उप्रेती
उपाध्यक्ष, नेबाए

आगामी परिवर्तनहरू समय सापेक्ष हुनुपर्छ। संशोधन गर्दा आधारभूत सिद्धान्तको आधारमा ख्याल गर्नु पर्छ। राज्य व्यवस्था स्वतन्त्र बनाउने प्रयत्न भइरहँदा स्वतन्त्र न्यायापालिका चाहीँ संसदको अधिनस्थमा राखिँदैछ। स्वतन्त्र न्यायपालिका स्वतन्त्र नै हुनु पर्छ। यसले स्वतन्त्रपूर्वक काम गर्न पाउनु पर्छ। कानूनको व्याख्या, नियुक्तिका बारेमा अहिले जे प्रचलनमा छ त्यो नै हुनु पर्छ। सबै तहका जनताको चाहनालाई न्यायप्रणालीसम्बन्धी समितिको प्रतिवेदनले समेट्नु पर्छ। अब बन्ने संविधान सबैले स्वीकार गर्ने खालको हुनुपर्छ न की धिक्कार्ने। संविधान राजनीतिक दलका लागि नभएर जनताको लागि बनाउन पर्ने हुन्छ। न्यायप्रणाली समितिले तयार गरेको मस्यौदा साँच्चिकै संविधान र कानूनसम्मत हुनुपर्छ। सर्वोच्च अदालतले फैसला गर्दा पक्षीय ढङ्गले गरेको छैन चाहे त्यो शाही कालमा नै किन नहोस् र नेपाल बारले पनि न्यायालयमा सुधार गर्नुपर्ने कुराहरूलाई अगाडि सारेको छ। तर, न्यायपालिकाको मूल्य, मान्यता र सीमाहरूलाई नाघेर अगाडि बढ्न सकिँदैन। संविधानसभा अध्यक्ष र संवैधानिक समितिका अध्यक्षलाई नेपाल बार एशोसिएशनको तर्फबाट बुझाएको छ। जनभावना जनपक्षमा संविधान लेखिएन भने नेपाल बार नै प्रतिवेदनको विरुद्धमा उभिने छ।

अन्तमा, स्वतन्त्र न्यायालयलाई संसदको मातहतमा राख्न हुँदैन। न्यायप्रणाली स्वतन्त्र हुनु पर्छ। विश्वको इतिहासमा संसदको अधिनमा स्वतन्त्र न्यायालय रहेको पाइएको छैन। त्यसैले न्यायालयलाई राजनीतिक अखडाको रूपमा कहिले पनि लिइनु हुँदैन।

अतिथिहरूको मन्तव्य

प्रा.डा. भरतबहादुर कार्की
महान्यायाधिवक्ता

सबै निकायलाई न्यायप्रणाली सम्बन्धी समितिको प्रनितिधिले बढी गम्भीर बनाएको छ। प्रचलित कानूनका विषयहरूलाई ख्याल गर्दै विवादरहीत ढङ्गले निर्णय लिने छ र मुलुकमा सर्वस्वीकार्य सिद्धान्त स्थापित गर्ने छ भन्ने शुभकामना व्यक्त गर्दछु। साथै, न्यायपालिका शक्तिशाली हुनुपर्छ। महान्यायाधिवक्ताको कार्यालयलाई पनि शक्तिशाली बनाउनु पर्छ। जसले गर्दा न्यायप्रणालीलाई बलियो बनाउन मद्दत पुऱ्याउँछ।

युवराज सुवेदी सह-महान्यायाधिवक्ता

संविधान र कानूनको व्याख्या गर्ने कार्य अदालत नै गर्ने हो। संसदले हैन। राजनीतिक प्रश्न, न्यायिक प्रश्न र अन्य प्रश्नहरूको निरूपण गर्ने निकाय भनेको अदालत नैं हो। लोकतान्त्रिक मूल्य र मान्यता अनुसार संविधान र कानूनको व्याख्या अदालतले नै गर्छ। राज्यको डकुमेन्ट हाम्रो सम्पत्ति हो। विशेष न्यायीक समिति भनेर केन्द्रमा, राज्य र प्रदेशमा राख्न खोजिएको छ। विशेष समितिको प्रसङ्गमा पनि अवधारणागत बुझाई अलि स्पष्ट हुन सकेन की जस्तो लाग्छ। यसरी विशेष न्यायिक समितिले संसार भर कहीँ पनि न्यायाधीशहरूलाई नियुक्त गरिएको केही उदाहरण छन्। यहाँ उठेको जस्तो साह्रै भ्रष्ट अनैतिक Under table भएको

अतिथिहरूको मन्तव्य

अवस्था छैन। एकाध बाहेक। यदि धेरै विरोध भएको न्यायाधीशको प्रसङ्गमा अर्को छुट्टै संयन्त्र बनाएर न्यायाधीशलाई आवश्यक कारबाही गर्न सकिन्छ। यतिसम्म मौजुदा न्याय परिषदमा आवश्यक हेरफेर गरेर नियुक्ति प्रक्रियालाई सकृय बनाउन सकिन्छ। नियुक्तिसम्वन्धमा सिफारिसमा राष्ट्राध्यक्षले नियुक्ति गर्दा उपयुक्त हुन्छ जस्तो लाग्छ। सङ्क्रमणकालीन अवस्थाको नाममा पोख्त कर्मचारीलाई निकाल्दा खेरी दैनन्दिन कार्य गर्न गाह्रो हुन्छ। त्यसलाई बरु अन्य उपाय अवलम्बन गरेर कारबाही गर्ने व्यवस्था गर्न राम्रो हुन्छ। मुद्दा फिर्ता गरेर दण्डहीनतालाई बढावा दिने जस्ता कुराहरू अहिले भइरहेका छन् त्यो नहुनु पर्थ्यो। अभियोजकहरू दह्रो र उत्तरदायी बहन गर्ने खालको भएनन् भने दण्डहीनता बढ्न सक्छ। अनुसन्धानकर्ताले प्रमाण जुटाएर ल्याउँदा समेत दोषीहरूले उन्मुक्ति पाइरहेको अवस्था छ। त्यसैले न्याय सम्पादन गर्नेदेखि अन्य क्षेत्रमा बस्नेहरूलाई पनि उत्तरदायी बनाउनु पर्छ।

मुद्दा हेर्ने अधिकारीहरूलाई थप सेवा सुविधा दिएर उत्तरदायी बनाउन सकिन्छ। संसार भर नभएको प्रक्रियालाई हामीले प्रचलनमा ल्याउने अभ्यास गऱ्यौ भने परीक्षणमा नै समय बित्छ। त्यसैले संशोधन गर्न मिल्नेसम्मको व्यवस्थाहरू प्रतिवेदनमा संशोधन गर्दा राम्रो हुन्छ।

त्यसैले, संविधानको व्याख्या अदालतले नै गर्नुपर्छ। प्रधान न्यायाधीश वा अन्य छुट्टै कुनै निकायले न्यायाधीश न्युक्ति गर्नु पर्छ। मुद्दा फिर्ता लिने सम्बन्धमा फौजदारी मुद्दा लागेको व्यक्तिलाई पुरै सजाय मुक्त गर्ने कार्य दण्डहीनता बढाउने काम हो। फैसला कार्यान्वयन गर्न न्यायप्रणाली बलियो बनाउनु पर्छ। अधिवक्ता वा न्यायालयमा कार्यरत जनशक्तिको सेवा सुविधा र पुरस्कृत गर्ने व्यवस्था राखिनु पर्छ ताकी न्याय तथा कार्य सम्पादन शीघ्र हुन सकोस्। संस्थागत परिर्वतन गर्नु पर्छ, तर संसारमै नभएको परिर्वतन गरिनु हुँदैन।

सभासद्हरूको मन्तव्य

एकराज भण्डारी, सदस्य
संविधानसभा

हामीले बनाउन लागेको न्यायप्रणाली अन्य मुलुकको भन्दा फरक शैलीको कम्युनिष्टद्वारा अपनाउन थालिएको छ भन्ने परेको छ। अहिलेको न्यायप्रणालीमा एक पक्षको बढी बर्चस्व छ। त्यो हट्न लाग्यो भनेर सवैलाई डर छ। यो सबै त्यसको रूप हो।

कुनै कुनै देशहरूमा कार्यपालिकाले नै न्यायाधीशको नियुक्त गर्छ। कतै व्यवस्थापिकाले गर्छ भने कतै परिषद गठन गरेर न्यायाधीश नियुक्त गरिन्छ। हामीले सिङ्गो मुलुकको संरचनाको सवालमा छलफल गऱ्यो भने मात्र न्यायापालिकाको बारेमा कुरा मिल्छ। सबैलाई छाडेर छलफल गऱ्यो भने न्यायपालिकाको कुरा मिल्दैन। पहिलाको जस्तै आचरणहीन सांसदले न्यायप्रणाली बनाएमा प्रभावकारी हुन सक्दैन। त्यसैले नयाँ सभासदले नै न्यायप्रणालीमा परिवर्तन गर्न सक्छ। यदि सांसदले नै गलत कार्य गऱ्यो भने प्रत्यावहनको माध्यमद्वारा सांसदलाई फिर्ता बोलाउन सकिने खालको व्यवस्था पनि हाम्रो लागि आवश्यक छ। व्यवस्थापिका संसदलाई नै विश्वास गरियो भने सबै कुराहरूको समाधान हुन सक्छ। सबै कुराहरूमा सबैको सहमति छ। न्यायाधीश नियुक्ति र व्याख्याको बारेमा बाहेक, राजनीतिक विषयमा मात्र व्याख्या संसदले गर्छ बाँकी सबै अदालत नै व्याख्या गर्ने हो। यसले न्यायप्रणालीलाई सबल गराउने हो। व्यवस्थापिकामा ११ जना न्यायाधीश हुने हैन। कुनै व्यक्तिले यो गर, त्यो नगर भनेर केही हुँदैन। त्यो संस्थागत कुरो हो। त्यो संस्थाले जनताको हित गर्ने कार्यका लागि विज्ञको सहयोग लिन सक्छ। कानूनको सम्पूर्ण कुराहरू सबै अदालतका न्यायीक विज्ञहरूले व्याख्या गर्छन्। यो कुराहरू

सभासद्हरूको मन्तव्य

प्रतिनिधिसभाका सदस्यहरूले गर्दैनन्। प्रधान न्यायाधीश र न्यायाधीश नियुक्ति, पुर्ननियुक्ति जस्ता कुराहरू विशेषगरी अहिले चासोको रूपमा लिइएको छ जबकी ०४६ पछिको अवस्थामा कुनै चासो देखाइएको थिएन। किनभने राजनीतिक भागवण्डाको आधारमा गर्दै आएको न्यायाधीश नियुक्ति, पुर्ननियुक्तिको अभ्यास विग्रने डरले अहिले विशेष रूपमा कुरा अठाइएको छ। प्रश्नावली कानून थिएन। जनताले सांसदलाई जनताको संविधान बनाउ भनेर पठाएका थिए। त्यहाँ कसैले दुरासयपूर्ण ढङ्गले आफ्नो कार्य गर्न पाउँदैनन्। प्रश्नावली तय गर्ने बेला विद्वानहरूले हेरेका थिए तर कसैले केही कुरा उठाएका थिएनन्। उठाइएका कुराहरू एकै पटकका तयार हुने हैनन्। प्रक्रिया सम्वत ढङ्गबाट तयार हुने हो। व्यवस्थापिका संसदीय व्यवस्थामा आस्था राख्नेहरू नै अहिले आएर व्यवस्थापिका संसद प्रक्रियासँग डर मान्न थालेको अवस्था छ।

त्यसैले, न्यायप्रणाली सम्बन्धमा खुला बहस हुनु जरुरी छ। जनताको प्रत्यक्ष थलो व्यवस्थापिका संसद भएकाले त्यहाँबाट न्यायाधीश नियुक्त गरिनु उचित हुन्छ। न्यायप्रणालीमा सबैको समान सहभागिता तथा समावेशी गर्ने उद्देश्यले यो अवधारणा पत्र ल्याइएको हो।

नारायणी शर्मा, सदस्य, संविधानसभा

न्यायप्रणालीसम्बन्धी समितिद्वारा लामो समय लगाएर यो अवधारणा पत्र तयार गरिएको हो। अदालतमा रहेको कमी कमजोरी औँल्याउँदै, विभिन्न सदस्यसँग छलफल अगाडि बढाइएको थियो। न्यायप्रणालीमा जनताको पहुँच नबढेको, अदालतप्रति जनताको विश्वास

सभासद्हरूको मन्तव्य

घटेको गुनासाहरू छलफलको क्रममा पाइएको छ। न्यायप्रणालीलाई स्वतन्त्र निश्पक्ष र जनउत्तरदायी राख्न राजनीतिक पूर्वाग्रहीबाट टाढा राख्नुपर्ने भएको छ। न्यायप्रणालीसम्वन्धी समितिको प्रतिवेदन तय गर्दा केही मुलभूत कुराहरूमा विमति पनि भएका छन्। व्याख्याको सवालमा, कानून बनाउन कानूनको व्याख्या गर्ने जस्ता कुराहरू पनि संसदीय व्ययवस्थामा अगाडि जाँदा प्राकृतिक नियमको सिद्धान्त विपरीत हुने छ। त्यसैले फरक राख्न बाध्य भयौं। बरु संवैधानिक अदालत गठन गरेर अगाडि जानु उपयुक्त हुन्छ। जस्तो सङ्घ र प्रान्तबीच विवाद नै भयो भने संघीय र प्रान्तको व्याख्या फरक-फरक हुन सक्छ। त्यसैले संसदभित्र अदालतलाई स्वतन्त्र छाडि दिनु पर्छ, अधिनस्त गर्नु हुँदैन। न्यायप्रणालीसम्बन्धी समितिले तयार गरेको प्रतिनिधिलाई विद्वान वर्गले रचनात्मक प्रतिक्रिया दिनु पर्छ।

देवी खड्का, सदस्य, संविधानसभा

उत्तरदायीलाई अधिनस्थको उपमा दिइनु हुँदैन। विदेशको उदाहरणलाई दृष्टान्तको रूपमा लिइनु पर्छ। सभासदहरूसँग पनि केही ज्ञान, शिप छ उहाँहरू पनि सबै अशिक्षित हुनुहुन्न। हामी सबै जनताप्रति उत्तरदायी हुनुपर्छ। यदि समितिका सदस्यहरूले गल्ती गरेका छन् भने जनताले अर्को पटक हामीलाई चुनावमा पराजित गर्ने छन्। जनताको सुझावलाई मुख्य आधार मानेर संविधान निर्माण गर्न चाहेको हो। भावी पुस्ताले यस संविधानलाई सराप्छ भन्ने चिन्ता मात्र होइन हामीले विश्वका अनुभवलाई पनि लिनुपर्ने हुन्छ। नेपालको विषयवस्तु र अवस्थाको आधारमा संविधान लेखिनु पर्छ।

सभासद्हरूको मन्तव्य

रामबहादुर थापा
(उदयपुर) सदस्य, संविधानसभा

संवैधानिक सर्वोच्चता हामी मान्छौ। तर, सार्वभौमसत्ता जनतामा हुन्छ की हुँदैन ? यदि हुन्छ भने जनताको प्रतिनिधिले न्यायालय र कानूनको व्याख्या गर्न पाउँछ। राजनीतिक मुद्दालाई निप्टारा लगाउन सक्छ। अहिले देखिएको यथास्थितिवाद र परिवर्तनवादको बीचको विभेद हो न की कम्युनिष्ट र गैर कम्युनिष्ट। न्यायप्रणालीसम्वन्धी समितिको छलफलमा कतिपय कम्युनिष्ट पार्टीले नै विपक्षमा भोट हालेको छ। कानून व्यवसायीहरूले प्रतिवेदनलाई राम्ररी अध्ययन गरेर आफ्नो वक्तव्य सार्वजनिक गर्नुहोला। हामी कानून व्यवसायीहरूले तथ्यमा आधारित भएर छलफल गर्नुपर्छ होला। न्यायाधीशको पुर्ननियुक्ति गर्ने अनि न्यायालय समानुपातिक बनाउने भन्ने कुरा एक आपसमा मेल खाँदैन। हामीलाई सुझावको रूपमा **पढ** भनेर दिनुभयो तर हामीलाई चाहिएको चाँही **गर** भन्ने हो। अन्तर्राष्ट्रिय स्तरमा पनि एकै खालको संविधानको प्रकृति छैन। प्रतिवेदन तयारीको क्रममा हामीले वाद र प्रतिवादको कुरा गरेका छैनौ। हामीले समावेशी, समानुपातिक र बढि लोकतान्त्रिक कसरी हुन्छ भन्ने सन्दर्भमा मात्र कुरा उठाएका हौं। संसदीय व्यवस्थाको जननी मानिएको देश बेलायतमा महिलालाई पुरुष र पुरुषलाई महिला बनाउन बाहेक सबै थोक गर्न सक्ने अधिकार छ भनेपछि हाम्रो व्यवस्थापिका संसदले पनि न्यायलयसम्वन्धी केही कुराहरू गर्ने अधिकार राख्न सक्छ।

सभासद्हरूको मन्तव्य

सोनाम छेजुङ
सदस्य, संविधानसभा

विज्ञहरू हाम्रा सम्पत्ति हो। हिजोको न्यायप्रणाली समावेशीबाट टाढा रहेको छ। पूर्वाग्रहयुक्त देखिन्छ। न्याय सम्पादन पक्षीय भएको छ। अहिले न्यायालयमा सुधार आवश्यक छ। हामी पनि आफ्नो क्षेत्रमा विज्ञ नै छौ जस्तो लाग्छ। अतिवादी र खुल्ला न्यायीक प्रणालीले न्याय सम्पादन राम्रो हुन सक्तैन। त्यसैले गरिब जनताको पहुँच हुने गरि समान ढङ्गले न्याय सम्पादन गर्नु पर्छ। न्यायलयमा पनि समावेशी नियुक्ति हुनु पर्छ। त्यसैले अबको न्यायप्रणालीमा समावेशी भएको न्यायप्रणाली हुनु जरुरी छ।

अभिषेक प्रताप शाह
सदस्य, संविधानसभा

यो लोकतान्त्रिक देश हो। लोकतन्त्र भनेको By the people, for the people र of the people हो। नेकपा एमाले र कांग्रेसले आफ्ना सांसदहरूलाई ह्विप जारी गरेका छन् की न्यायप्रणालीसम्वन्धी प्रतिवेदनमा सहमति जनाउन। र र ब जस्ता कुराहरूले हामीलाई न्यायपालिकाको प्रक्रियामा फसाइएको छ। हामीले न्यायपालिकालाई हस्तक्षेप हैन बरु हामीले त व्यवस्थापन गर्दैछौ।

कानून व्यवसायीहरूको मन्तव्य

शम्भु थापा, पूर्व अध्यक्ष, नेबाए

न्यायप्रणालीको व्याख्या गर्ने नाममा केही लिने र केही दिने खालको खिचडी गर्नेकाम गर्न हुँदैन। राज्यको प्रकृति दुई खालको हुनु पर्छ ती हुन् निर्देशात्मक र लोक कल्याणकारी राज्य हुन्छन्। अहिलेको न्यायप्रणालीको प्रतिवेदन निर्देशात्मकसँग मेल खाने खालको छ जहाँ हामी लोककल्याणकारी राज्यको बारेमा चर्चा गर्दैछौँ। नेपाली जनतालाई प्रश्न पत्र पठाउँदा वा बनाउँदा हामी सभासद्हरूले कानून व्याख्या गर्नुहुन्छ की हुँदैन भन्ने खालको प्रश्नावली तय गरेका थियौं र ? बिना प्रश्न तपाईंहरूले कसरी राख्नु भयो ? जनताले भन्नु पर्‍यो की संविधानको व्याख्या अदालतले गर्ने होइन सांसदले गर्ने हो भनेर। नत्र भने यो शैलीले जनताको अपनत्वको हनन् भयो। जसले भ्रष्ट अभ्यासको सुरुवात हुने अवस्था देखियो। अदालतको न्यायाधीश वकिल हुन सक्तैन भन्ने अवधारणा किन लेख्नुभयो जबकी यदि संविधानको व्याख्या गर्ने अधिकार र अदालतमा छ भने उसले त नजिर ल्याउँछ। र मुद्दाको पृष्ठभूमि बुझेको हुनाले उसले केही कुरा व्याख्या गर्न सक्छ।

सभासद्हरूलाई पनि सीमा छ। यदि कुराहरू बाझिए भने त्यो मौलिक हकमा बाझिन सक्छ। बाझिएका कुराहरू जनताले बुझ्न जरुरी छ। बोल्ने अभ्यासलाई संविधान बन्नु भन्दा अगाडि नै व्यापक अभ्यास गनुपर्ने छ। न्यायको मान्य सिद्धान्त नबुझेको मान्छेले कानूनको व्याख्या गर्न सक्तैन। यसबाट प्रष्ट छ कि न्यायालयलाई राजनीतिको अधिनमा राख्न प्रयास हुँदैछ। जनतालाई हामी ११ जना सांसदले कानूनको व्याख्या गर्न पाउनु पर्छ भनेर कहाँ नेर सोध्नु भयो ? स्पष्ट

कानून व्यवसायीहरूको मन्तव्य

जानकारी गराउनु होला। मनमा उब्जिएका कुरा लेख्न आगश्यक थियो भने जनतालाई प्रश्न पत्र पठाउन सान्दिभक थिएन। न्यायीक स्वतन्त्रता भनेको स्वच्छन्दता हैन। न्यायाधीशलाई स्वतन्त्र दिइयो भने स्वच्छन्दता दिइन्छ भनेर तपाइँले बुझाएको प्रतिवेदनमा अन्तर्राष्ट्रिय बार एशोसिएशनको १९८२ को कुरा उठाउनु भएको छ, सिद्धान्तलाई चाहीँ अङ्गिकार गरिएको छैन। तपाइँहरूले जनतालाई स्पष्ट पार्न जरुरी छ।

मौलिक हक भनेको लेख्ने, बनाउने र बोल्ने अधिकार हो। राजनीतिको अधिनमा न्यायप्रणालीलाई राख्न खोजिएको छ। संसदले न्यायप्रणालीको व्याख्या गर्न हुँदैन। न्यायप्रणालीको स्वतन्त्रता भनेको स्वच्छन्दता होइन।

बद्रीबहादुर कार्की, पूर्व न्यायाधिवक्ता तथा वरिष्ठ अधिवक्ता

न्यायप्रणाली समितिमा माननीय सभासदहरूले तय गरेको विषयमा हामीले दिएको सुझावहरू सुझाव जस्तै हुने छ। त्यसैले सभासदले वक्ताको सुझाव लिनेक्रममा आपत्ति नमानी स्वीकार गर्नु पर्छ। हामीबाट सभासद्हरूले सुझाव लिने हो भने आग्रहलाई पक्षीय ढङ्गले बुझ्नु हुँदैन। अन्यथा छलफललाई तोडमोड गराइ दिन सक्छ। हामी कसैको विरुद्धमा छलफल गर्न बसेका होइनौ। हामीले अदालतलाई कसरी सबल बनाउन सक्छौ भन्ने कुरामा बढि सचेत छौ। सभासद्हरूलाई नै चित्त नबुझेको कुराले जहाँ अल्प मत र बहुमतको अवस्था छ, यस्तो अवस्थाले जनतालाई चित्त बुझाउन सक्छ की सक्तैन भन्ने महत्वपूर्ण कुरा हो। हामीले न्यायप्रणालीसम्बन्धी विषयलाई कस्तो प्रक्रिया बनाउने भन्ने बारेमा बढि ध्यानमा

कानून व्यवसायीहरूको मन्तव्य

राख्नु पर्छ। पार्टीमा रहेको अन्तर्निहित विरोधाषपूर्ण कुराहरू छन्, त्यो घोषणा पत्रमा प्रतिविम्वित भएको छ। राजनीतिक दलहरूले जनतालाई चुनावताका वितरण गरेको घोषणा पत्र सम्वत छ कि छैन भन्ने कुरामा ख्याल गर्नुपर्छ। राज्यको स्वरूप प्रधानमन्त्रीय प्रणाली कायम गर्ने की राष्ट्रपतीय प्रणाली ठिक हुने भन्ने सम्बन्धमा स्पष्ट भएपछि मात्र कस्तो खालको न्यायप्रणाली स्थापित गर्न उपयुक्त हुने छ भन्नेसम्बन्धमा खाका कोर्न सजिलो हुन्छ। सबैको स्वीकार्य हुने संविधान निर्माण हुनु पर्छ। न्यायप्रणालीको अधिकार प्रष्ट गर्नु पर्छ। स्वतन्त्र न्यायप्रणाली बनाउन सबैले बोल्नु पर्छ।

न्यायाधीशहरू उत्तरदायी भएनन् भन्ने कुरा उठेको छ। यसलाई संसदमा लगेर सुनवाई गर्नुपर्छ भन्ने कुरा मात्र हैन की न्याय सम्पादनमा निष्पक्षता अङ्गाल्नु र कानूनसम्वत फैसला गर्नु पनि न्यायाधीशलाई उत्तरदायी बनाउनु हो।

डा. रामकृष्ण तिमल्सिना
रजिष्ट्रार, सर्वोच्च अदालत

नयाँ संविधान राजनीतिक, आर्थिक, सामाजिक वा अन्य डकुमेन्ट के हो भन्ने स्पष्ट हुनु पर्छ। हाम्रा सन्ततीले हामीलाई नधिक्कार्ने कार्य गर्नु पर्छ। नेपालका मान्छे कस्ता होलान जो विश्वव्यापी पेरिफेरीबाट एक्लै बस्न रुचाउँछन् भन्ने नपरोस। विश्वव्यापी परिदृश्यमा हामीलाई दोष नलगाउन्। टाउको निहुराउन नपरोस्। अन्तर्राष्ट्रिय मञ्चहरूमा जाँदा तिम्रो एउटा देश रहेछ जुन देशमा मात्र शक्ति पृथकीकरणको सिद्धान्त लागू भएको छैन भन्ने नपरोस्। नेपाल यस्तो देश रैछ जहाँ न्यायाधीशलाई पनि कुनै पनि कुनै न्यायाधीश पनि व्यवस्थापिकाका सांसदहरू हुँदो रहेछन् र न्यायाधीश भन्ने नहुँदोरहेछन र

कानून व्यवसायीहरूको मन्तव्य

व्यवस्थापिका भनेको सुपर जजहरू रहेछन् भन्ने आक्षेप नलागोस्। धेरै कुरा राम्रा गरौ तर आक्षेपबाट चाँही बचौँ। अन्तर्राष्ट्रिय धारबाट हामी अलग हुन सक्तैनौँ। न्यायाधीशहरू जतिसुकै मुर्ख भएपनि न्यायाधीशबाट गरेका निर्णय बाहेक अन्य विकल्प प्रजातन्त्रमा हुँदैनन्। त्यसैले मुर्खद्वारा गरिएको निर्णयलाई शिरोधार्य गर्नुपर्ने बाध्यता चाहीँ प्रजातन्त्रमा मात्र हुन्छ। त्यसैले के नसोचौँ भने कोही पनि मान्छे बुलेट प्रुफ हुँदैनन्। न्यायाधीशको कार्यमा चित्त बुझेन भने पनि अपिल लाग्ने व्यवस्था हुन्छ हुन्छ। सबैले तोकिएको जिम्मेवारी अनुसार कार्य सम्पादन गर्नु पर्छ। तर, जसको जिम्मेवारी हो उसले त्यही काम गर्नु पर्छ। न्यायाधीश र सभासद् सबैको आ-आफ्नो जिम्मेवारी हुन्छ, त्यस अनुसार सबैले आ-आफ्नो कार्य सम्पादन गर्नु पर्छ। हालसम्म अवस्था हेर्दा नेपालको न्यायपालिका व्यवहारिक र स्वतन्त्र शैलीको छ।

हरिकृष्ण कार्की
अधिवक्ता, पूर्व महासचिव, नेबाए

हामीसँग भएको राम्रो अवसरलाई प्रयोगमा ल्याउनु पर्छ। राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा भएका त्रुटि, अभ्यासहरूलाई समय सापेक्ष बनाउने क्रममा केही सुधार हुँदै गएका छन्। अन्तर्राष्ट्रिय अनुभवहरूलाई अध्ययन गर्ने, हेर्ने र न्यायिक प्रक्रियाहरू जसरी सञ्चालन हुँदै गएका छन्। तिनीहरूको राम्रो पक्षको अनुशरण गरिनु पर्छ। न्यायपालिकालाई कसरी स्वतन्त्र बनाउने, न्यायापालिकालाई कसरी हस्तक्षेप मुक्त बनाउने र न्यायपालिकालाई स्वच्छन्द हुनबाट कसरी बनाउने भन्ने प्रश्नहरू अहिले हाम्रो अभ्यासहरूलाई हामीले स्थापित गरेका छौ। कार्यपालिका र व्यवस्थापिकाबाट

कानून व्यवसायीहरूको मन्तव्य

गरिएको नियुक्तिलगायतका अन्य केही राम्रो अभ्यासहरूलाई हामीले स्थापित गरेका छौं। कार्यपालिका र व्यवस्थापिकाबाट गरिएको नियुक्तिले स्वतन्त्रपूर्वक कार्य गर्न नसक्ने भएको कारणबाट न्यायिक परिषदको सिफारिसबाट न्यायाधीश नियुक्ति गर्ने राम्रो प्रचलनलाई हामीले भत्काउन खाजेको जस्तो महसुस भएको छ। बाह्यबाट न्यायाधीशको नियुक्ति गर्दा स्वतन्त्र न्यायापालिकामाथि हस्तक्षेप भएको छ की छैन भन्ने बारेमा सोच्नु पर्ने भएको छ। अहिले भएको न्याय परिषदको जुन संयन्त्र छ त्यसले प्रभावकारी ढङ्गले कार्य गर्न सकिरहेको छैन भन्ने लाग्यो भन्ने त्यो संयन्त्रमा कस्तो खालको सुधार गऱ्यो भने न्याय परिषद (संयन्त्र) ले राम्रो कार्य गर्न सक्छन् भन्ने कुरा सुर्धान सकिन्छ।

जवाफदेहीताको कुरा गर्दा अहिलेसम्मको अभ्यासमा न्यायाधीशले नराम्रो कार्य गरेमा महाअभियोग लगाउन सक्ने व्यवस्था छ। त्यो मनासिब छ। यसले न्यायाधीशको स्वेच्छाचारी प्रकृतिको क्रियाकलापमा नियमन गर्दछ। कानूनको व्याख्या गर्ने अधिकार अदालतलाई दिइएन भने कानूनको सम्पूर्ण अधिकारहरूलाई कुण्ठित गर्ने कार्य व्यवस्थापिका संसदले गर्ने छ। जुन स्वतन्त्र न्यायपालिकाको अवधारणा विपरीत हुने छ। यस्तो अवस्थामा जनताको अधिकार बहालका लागि जाने र उजुरी गर्ने ठाउँ कँहि हुने छैन। जुन निकायले कानून निर्माण गर्दछ, उसैले कानून बाझिएको र नबाझिएको बारेमा कुरा उठाउन सक्छ की सक्तैन ? यो प्रश्न हाम्रो सामु छ। त्यो न्यायप्रणालीसम्बन्धी समितिले तयार गरेको प्रतिवेदनमा व्यापक छलफल गर्न आवश्यक छ। सुधार गर्नुपर्ने देखिन्छ।

बाबुराम दाहाल, अधिवक्ता

दुई पक्षले संविधानलाई दुई छेउ तिर बसेर संविधान खोस्ने काम भइरहेको जस्तो बुझिएको छ। जो दौडेर अगाडि जान्छ उहीले संविधान बनाउने जस्तो कुरा भएको छ। यसरी चाँही संविधान लेखन कार्य गरिँदैन। विभिन्न देशमा विभिन्न प्रकारले वा निकायहरू (सरकार र राष्ट्रपति) द्वारा न्यायाधीश नियुक्त गरिएको

कानून व्यवसायीहरूको मन्तव्य

उदाहरण हाम्रो सामु छ। र हाम्रो जस्तो परिषद गठन गरेर गरेको पनि छ। संयुक्त राष्ट्रसंघको पक्ष राष्ट्र हुँदैमा देश बढि लोकतान्त्रिक पनि हुँदैन। न्यायपालिकालाई सबल गराउने हो भने सबै कुरा संसदमा लैजानु हुँदैन। संविधान निर्माणमा यस्ता बाझिने कुरा गऱ्यो भने जनताहरू फेरी आन्दोलनमा होमिन सक्छन्। न्यायाधीश नियुक्त गर्दा एउटा शक्तिशाली संयन्त्र बनाउनु पर्छ। न्यायाधीशलाई कारबाही गराउनका लागि महाअभियोग लगाउन सकिन्छ, कानून बनाउन सकिन्छ। संसदीय क्षेत्राधिकारलाई सबै क्षेत्रमा लागू गर्न सकिदैन। न्यायाधीश पद चलाउनका लागि केही निश्चित व्यक्तिले मात्र चलाउन सक्छ। त्यसैले न्यायाधीश नियुक्ति गर्दा बढि गम्भीर हुनुपर्छ। सबै ठाउँमा जनताको हवला दिएर सबै कार्य आफू गर्छु भन्नु गलत हो। यि क्रियाकलाप दोहरिरहयो भने संविधान नबन्न सक्छ।

तसर्थ, न्यायप्रणालीका सबै कुरा संसदमा ल्याउन हुँदैन। न्यायाधीश न्युक्त गर्न एक छुट्टै संयन्त्रको गठन गरिनु पर्छ। निश्चित क्षमता र योग्यताको आधारमा न्यायाधीश नियुक्ति हुनु पर्छ।

रक्षा बस्याल, अधिवक्ता

संविधानसभाले बाटो बिराउँछ की जस्तो देखिदैछ भन्ने कुरालाई स्मरण गराउन चाहन्छु। न्यायाधीश नियुक्ति सम्बन्धमा निश्चित प्रक्रियाहरू छन्। यथास्थितिवादीहरू खुट्टाले टेकेर हिँडे भन्दैमा

कानून व्यवसायीहरूको मन्तव्य

प्रगतिशीलहरू टाउकाले टेकेर हिँड्न मिल्दैन। राजनीतिक र प्राकृतिक नियमको आधारमा कुनै विषयको टुङ्गो लगाउनु पर्छ। योग्यता र दक्षतालाई पनि ख्याल गरिनु पर्छ। समावेशीको नाममा भन्दा पनि न्यायप्रणालीको मर्म बुझेको मान्छे नियुक्त हुनु पर्छ।

शेरबहादुर केसी, अधिवक्ता

संविधानसभाले बाटो विराउँदै छ भन्ने लागेको छ। संवैधानिक समितिका अध्यक्ष लिलाम्बर आर्चायले सीमाभित्र रहेर संविधानसभालाई सचेत गराउन सक्छ। ११ जनाको अब आउने संविधानमा एउटा समिति हुन्छ जो सँग अधिकार व्यापक हुन्छ। त्यो सर्वेसर्वा हुन्छ। त्यो समितिको न्यायिक हैसियत के हो ? वा ११ जनालाई सर्वोच्च अदालतको पूरा जिम्मा दिने हो की। यदि सबै जिम्मा दिने हो भने यो स्वतन्त्र न्यायपालिकाको कुरा उठाउन बेकार छ। न्यायिक प्रणालीसम्बन्धी समितिले बनाएको प्रति ज्यादै परम्परागत र निरङ्कुश प्रकारको छ जहाँ न्यायप्रणालीको सारा सिद्धान्तलाई समेटिएको हुन्छ। सर्वोच्च अदालतको न्यायिक समितिमा एक, संघीय समितिमा एक र राज्य समितिमा एक गरी सबै तहमा एक-एक समिति बनाएर न्यायाधीश नियुक्ति र बर्खासी गर्ने अधिकार संसदमा राखिएको छ। जुन अव्यवहारिक छ। हामी पनि जनता हो। हामी वकिल मात्र होइनौँ। न्यायिक क्षेत्रमा निरङ्कुसता लाद्न थालियो भने न्यायिक क्षेत्रले मात्र होइन, नेपाली जनताले इन्कार गर्ने छन्। संविधानको पहिलो सर्त भनेको स्वतन्त्र न्यायपालिका हो। अहिलेको प्रतिवेदनलाई स्वीकार गर्ने हो भने नयाँ संविधान बन्दैन। संविधान दुई तिहाइले मात्र बन्छ। अहिले कसैको पनि दुई तिहाइको अवस्था कसैको पनि छैन। अन्य

कानून व्यवसायीहरूको मन्तव्य

दलसँगको सहमति, सम्झौता र समन्वयमा मात्र संविधान निर्माण हुन सक्छ। दलको आवरणमा संविधानलाई लेपन गरिएको छ। दलहरूको संविधान निर्माणलाई आफ्नो प्रतिष्ठाको बनाउन हँदैन। आफ्नो न्यायप्रणालीसम्बन्धी समितिले न्याय क्षेत्रमा निरंकुशता लाद्न हुँदैन। स्वतन्त्र न्यायप्रणाली संविधानको पहिलो सर्त हो। यो प्रतिवेदनलाई संशोधन नगरिए पारित हुन सक्तैन।

गणेश दत्त भट्ट, अधिवक्ता

आधुनिक लोकतन्त्र र स्वतन्त्र न्यायापालिका विपरीत राष्ट्रिय महत्व र राजनीतिक विषयहरू निरूपण गर्न सङ्घीय र प्रादेशिक विषयहरू व्यवस्थापिका संसदले निरूपण गर्ने, कुनै कानून संविधान अनुकुल नभएको आधारमा संसदले असंवैधानिक घोषणा गर्ने, सर्वोच्च अदालत र प्रादेशिक अदालतको नियुक्ति र बर्खासी सम्वन्धित तहको न्यायाधीश व्यवस्थापिकाको एउटा समितिले गर्ने भन्ने आधारमा संविधानसभा न्यायाप्रणालीसम्बन्धी समितिले जुन प्रस्ताव बहुमतको आधारमा पारित गरेको छ, त्यो पूर्णतया लोकतान्त्रिक स्वतन्त्र न्यायापालिका, संविधानवाद, नागरिक सर्वोच्चताको विरुद्धको प्रस्ताव हो। र त्यसलाई तत्काल सुधारको लागि स्वतन्त्र न्यायापालिकामा अनुकुलको प्रक्रियालाई अगाडि बढाउन जरुरी छ। आफूलाई विधिको शासनमा विश्वास गर्छ भन्नेहरूले के कुरा बुझ्न जरुरी छ भने कुनैपनि

कानून व्यवसायीहरूको मन्तव्य

प्रकारको दबाब र प्रलोभनबाट मुक्त न्यायिक निर्णयको अपेक्षा गर्ने हो भने स्वतन्त्र न्यायापालिका एक अपरिहार्य सर्त हो। यसैगरी न्यायपालिकाको गुणात्मक उदारको अपेक्षा राख्न हुन्छ भने न्यायिक स्वतन्त्रता पनि एक अपरिहार्य सर्त हो। नागरिक आधारभूत अधिकारहरू निर्वाध रूपमा उपभोग गर्ने परिस्थिति सिर्जना गर्ने चाहना राख्नु स्वतन्त्र न्यायापालिकाको आधारभूत सर्त हो। राज्यलाई निरङ्कुश हुनबाट रोक्ने हो भने स्वतन्त्र न्यायापालिका पनि एक अपरिहार्य सर्त हो।

राज्यलाई निरङ्कुशबाट रोक्न प्रमुख तीन अङ्गहरू न्यायपालिका, कार्यपालिका र व्यवस्थापिका एक अर्काबाट स्वतन्त्र हुनुपर्छ भन्ने मान्यता न्यायपालिकामाथि व्यवस्थापिकाको हस्तक्षेप रहने गरि संविधानसभा न्यायप्रणालीसम्बन्धी समितिले अघि सारेको प्रस्तावित व्यवस्था संविधानवादको आधारमा प्रतिपादित सिद्धान्त विपरीत छ। त्यसैले प्रतिवेदनमा पुर्नविचार गर्न आवश्यक छ।

लिखित संवैधानिक व्यवस्था अनुसार व्यवहारमा विधायिकाको सर्वोच्चता कायम हुने गरि न्यायिक स्वतन्त्रता समाप्त गर्ने उद्देश्यले न्यायप्रणालीसम्वन्धी समितिले अगाडि सारेको प्रस्ताव लिखित संविधानको आधारभूत मान्यता विपरीत छ। अदालतले राज्यका राजनीतिक अङ्गहरूका असंवैधानिक काम कार्यबाहीलाई अमान्य र बदरगरी संविधानको सर्वोच्चता कायम राख्न सक्ने गरी स्वतन्त्र हुनुपर्छ। तर, न्यायपालिकालाई सदैव दलगत स्वार्थबाट प्रेरित राजनीतिक दलहरू र विधायिकाको कठपुतली बनाउने उदेश्यको भावी न्यायप्रणाली समितिले अगाडि सारेको प्रस्तावहरू पूर्णतया लिखित संविधानको विपक्षमा छ। तसर्थ, यसलाई समय सापेक्ष सुधार गरिनु पर्छ। न्यायप्रणाली समितिले भावी संविधानमा रहने केही प्रस्तावित व्यवस्थाहरू संयुक्त राष्ट्रङ्घीय महासभाद्वारा १९८५ मा पारित स्वतन्त्र न्यायापालिकासम्वन्धी २० ओटा सिद्धान्तहरूसँग प्रतिकुल रहेका कारण स्थापित व्यवस्थाहरूमा राष्ट्रसङ्घीय महासभाद्वारा पारित अनुकूल सुधार हुन जरुरी छ।

कानून व्यवसायीहरूको मन्तव्य

त्यसैगरी संविधानको व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतलाई दिइनु पर्छ। सरकारबीच अधिकारसम्बन्धी विवादको छिनोफानोमा सर्वोच्च अदालतले गर्ने गरी संवैधानिक व्यवस्था हुनु पर्छ। केन्द्र र राज्यबीच सरकारका संवैधानिक सीमा स्पष्ट रूपमा निर्धारण नभएको अवस्थामा विवाद निरूपणका लागि सर्वोच्च अदालतलाई अधिकार दिइनु पर्छ। तर, न्यायप्रणालीसम्बन्धी समितिले भावी न्यायपालिका सम्बन्धमा अघि सारेको व्यवस्थाले उल्लेखित व्यवस्थाहरू सर्वोच्च अदालतमा नरहने गरी स्वतन्त्र न्यायपालिका सङ्कटमा पर्ने देखिन्छ। सर्वोच्च अदालतले सङ्घीय व्यवस्थामा खेल्नुपर्ने अवस्थामा भूमिका खेल्न नसक्ने भइ सङ्घीय शासन व्यवस्था नै काम गर्न नसक्ने परिस्थिति सिर्जना हुने भएकाले न्यायप्रणालीसम्बन्धी समितिले अगाडि सारेका प्रस्तावहरूलाई आफ्नो पदीय दायित्वलाई मनन् गरि समितिले प्रतिवेदनमाथि पुनर्विचार गर्ने छ। सङ्घीयतामा जाने निर्णय भइसकेको अवस्थामा राष्ट्रिय एकता र अखण्डतालाई बलियो बनाउने उद्देश्यबाट सङ्घीयताभित्र एकात्मक चरित्रको न्यायप्रणाली व्यवस्था भावी नेपालको सङ्घीयतामा राख्न जरुरी छ जस्तो लाग्छ। तहको दृष्टिकोणबाट तीन तहको अदालत नेपालको लागि उपयुक्त हुन्छ। नेपालमा भारतीय न्यायप्रणाली सार्न्दभिकता हुन सक्छ। माननीयहरूले म सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको प्रतिनिधि हौ न की अमुक राजनीतिक दलको कार्यकर्ता भन्ने मान्यतामा आफ्नो जिम्मेवारी अनुरूपको काम गर्दा मात्र नेपाली जनताको भावी संविधानप्रति न्याय हुन्छ।

तसर्थ, न्यायाधीश नियुक्ति संसदबाट गर्नु लोकतान्त्रिक न्यायप्रणालीविरुद्ध हुन्छ। कुनै पनि दबाबबाट मुक्त रही न्यायप्रणालीलाई स्वतन्त्र राष्ट्र बनाउनु पर्छ। स्वतन्त्र न्यायप्रणाली एक अपरिहार्य विषयवस्तु हो।

नागरिक समाज तथा पेशागत समुदाय प्रतिनिधिको मन्तव्य

लालबाबु यादव, प्रा. त्रिविवि, राजनीतिकशास्त्र विभाग

प्रजातन्त्रका राजनीतिक प्रक्रियाहरू छन्। ती हुन् व्यवस्थापिका, कार्यपालिका र न्यायापालिका। राज्यका यी अङ्गहरू एक आपसमा अन्तरसम्बन्धित छन्। यिनीहरूलाई सन्तुलन र परीक्षणको प्रकृतिले नियन्त्रण गर्दछ। हामी बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा जाने हो भने हामीले सन्तुलन र परीक्षण अपनाउनु पर्छ। सन्तुलन र परीक्षणमा मुलुकलाई राख्ने हो भने एक अर्काको एक आपसमा निर्भरता हुनु पर्छ। मौलिक अधिकारले संविधानलाई नियन्त्रण गर्ने हो। यसको साथै न्यायापालिकाले नै संविधानको संरक्षण र सम्वर्द्धन गर्छ। न्यायाधीशद्वारा निर्मित कानून हो। यो सर्वमान्य कुरा पनि हो। त्यसैले भन्ने गरिन्छ, प्रजातन्त्र त्यति राम्रो पद्धति हैन, तर यो भन्दा राम्रो पद्धति संसारमा अरु केही पनि छैन।

तसर्थ, जनस्वार्थको आधारमा आगामी संविधान बनाउनु पर्छ। यसो गरियो भने संविधान विवादमा पर्दैन।

सुझावहरू

- स्वतन्त्र न्यायालयको अवधारणालाई आत्मसात गरिनु पर्ने।
- न्यायप्रणालीसम्बन्धी ज्ञान र मर्म बुझेको मान्छेलाई न्यायालयमा नियुक्त गरिनु पर्ने।
- अन्य मुलुकमा संसदको प्रत्यक्ष अधिनमा स्वतन्त्र न्यायालय नभएकोले प्रतिवेदनमाथि अझ गहन छलफल गर्नुपर्ने।
- स्वतन्त्र न्यायालयलाई संसदको मातहतमा राख्न नहुने।
- स्वतन्त्र न्यायालयको अवधारणालाई अझ सशक्त बनाउनु पर्ने।
- अहिले भइरहेको परिर्वतनसँगै सबै क्षेत्रमा सुधार गरिनु पर्ने।
- कुनै पनि क्षेत्रमा सुधार गरिनु भन्दा पूर्व राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य, मान्यता र प्रचलनलाई पनि ख्याल गरिनु पर्ने।
- न्यायप्रणालीलाई राजनीतिक प्रभावबाट टाढा राखिनु पर्ने।
- राज्यका प्रमुख तीन अङ्गहरू न्यायपालिका, कार्यपालिका र व्यवस्थापिका एक आपसमा स्वभावीक रूपमा नियन्त्रित हुने भएकोले प्रस्तावित थप सुधारको बारेमा गहन छलफल हुनु पर्छ।

निष्कर्ष

न्यायप्रणालीसम्बन्धी समितिले तयार गरेको प्रतिवेदनमा उल्लेख भएको प्रावधानहरू उचित, न्यायोचित, तर्कसङ्गत र भावी पुस्तालेसमेत सम्मान गर्ने खालको लोकतान्त्रिक मूल्य र मान्यताको आधारमा तयार गरिएको हुनु पर्छ भन्ने राय उपस्थित बहुसङ्ख्यक सहभागीहरूबाट प्रस्तुत भयो। समितिका सदस्यहरू जनप्रतिनिधि भएकोले उनीहरूले गरेको निर्णयहरू गहन अध्ययन र विचार विमर्शपछि मात्र तय गरिएको हुने छ भन्ने आम जनताको बुझाइ हुने सहभागीहरूले बताए। जनताको भावना र बुझाइमा ठेस लाग्ने कार्य सभासद्हरूबाट हुने छैन भन्ने आशा जनताको रहेको छ। यसरी तयार गरिएको यस्ता सुझावहरू अन्तर्राष्ट्रिय अभ्यास र प्रचलनमा समेत आधारित हुनु पर्ने कुरामा बहुसङ्ख्यक सहभागीहरूबाट जोड दिइयो। कार्यक्रममा केही सहभागीहरूले न्यायाधीश नियुक्ति, पुनः नियुक्ति र न्यायाधीश बाहिरबाट ल्याउने प्रक्रिया व्यवस्थापिका संसदबाटै गरिने भएको प्रति असन्तुष्टि प्रकट गरेका थिए।

लोकतन्त्रमा मात्र सबै प्रकारका मौलिक अधिकार र मानवअधिकारको प्रत्याभूति हुन सक्छ भन्ने आम धारणाको आधारमा राज्यका तीन अङ्ग न्यायापालिका, कार्यपालिका र व्यवस्थापिका शक्ति पृथकिकरण, नियन्त्रण र सन्तुलनसम्बन्धी सिद्धान्त अनुसार गठन भएको हो। जसबाट कुनै एक अङ्ग स्वेच्छाचारी ढङ्गले आफ्ना कार्य सम्पादन नगरोस र जन पक्षमा नै कार्य होस भन्ने ध्येय यो सिद्धान्तको मूल आशय हो। त्यसैले एक अर्काको सहयोगी, नियन्त्रण र सन्तुलन कायम रहने गरि स्वतन्त्र न्यायालयको अवधारणाको सम्मान गर्न पनि सहभागीहरूद्वारा जोड दिइयो। यहि सिद्धान्तलाई आत्मसात गरेमा राज्यका तीन अङ्गले एक अर्कामा गर्दै आइरहेको काम कार्यबाहीले नै प्रत्येक क्षेत्रमा सुधार हुने बताइयो।

कुनैपनि कानून, नियम र प्रक्रिया अवलम्बन गर्दा विश्वव्यापी आम

निष्कर्ष

प्रचलनमा रहेको मान्यतासँग नबाझिने गरी बनाएको हुनुपर्नेमा कार्यक्रमका अधिकांश सहभागीहरूद्वारा जोड दिइयो तथापि सुधार गर्नुपर्ने क्षेत्रमा सुधारको आवश्यकतालाई भने औँल्याएका थिए। यसरी संविधानसभाका विभिन्न समितिहरूद्वारा तय गरिएका सामग्रीहरू समय सापेक्ष राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषय वा प्रसङ्गसँग मेल खाएको हुनुपर्ने हुन्छ। कुनै पनि कुराको परिवर्तन आवश्यक छ। त्यो विज्ञानसम्मत हुनु पर्छ। परिवर्तनको नाममा गरिएको परिवर्तनले परिवर्तनपश्चातका परिणामहरू जनोपयोगी, जनप्रभावकारी, सकारात्मक र मौजुदा अवस्थामा भन्दा बढी प्रभावकारी हुनुपर्ने बहुसङ्ख्यक सहभागीहरूको भनाइ थियो। अन्यथा यी काम कार्यबाहीलाई भावी सन्ततीले धिक्कार्ने बाहेक अर्को केही नहुने उनीहरूले कार्यक्रममा बताए।

कार्यपत्र

डा. भीमार्जुन आचार्य

न्यायप्रणालीसम्बन्धी समितिद्वारा प्रस्तुत अवधारणापत्र र प्रारम्भिक मस्यौदासम्बन्धी प्रतिवेदन

प्रतिवेदनमा समावेश भएका उल्लेख्य प्रावधानहरू

- न्यायसम्बन्धी अधिकार संविधान र अन्य कानून तथा न्यायका मान्य सिद्धान्त अनुसार अदालत तथा न्यायिक निकायहरूबाट प्रयोग गरिने।
- नेपालमा सङ्घीय सर्वोच्च अदालत, राज्य/प्रदेश सर्वोच्च/उच्च अदालत र जिल्ला/स्थानीय अदालत गरी तीन तहका अदालतहरू रहने।
- नागरिकको न्यायमा सहज पहुँच पुऱ्याउनको लागि स्थानीय तहमा तोकिएको मुद्दा हेर्नको लागि प्रादेशिक कानूनद्वारा व्यवस्था भए बमोजिम इलाका, नगर वा गाउँ स्तरीय अदालत/न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपायद्वारा विवाद समाधान गर्ने निकाय गठन गर्न सकिने।
- खास किसिम र प्रकृतिका मुद्दाको कारबाही र किनारा गर्न कानूनद्वारा अन्य विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने।
- सैनिक अदालतले गरेको निर्णयउपर पुनरावेदन सुन्नको लागि सङ्घीय सर्वोच्च अदालतको न्यायाधीशको अध्यक्षतामा एक सैनिक विशेष अदालतको गठन गरिने। यस अदालतले शुरू कारबाही र किनारा गरेको निर्णयउपर सङ्घीय सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने।
- राष्ट्रिय महत्त्वको पद र अधिकारसँग सम्बन्धित तथा राजनीतिक विषयसँग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसँग कानून बाझिएका विषयमा बाहेक संविधान र सङ्घीय कानूनको व्याख्या गर्ने अधिकार सङ्घीय सर्वोच्च अदालतलाई हुने।
- राष्ट्राध्यक्षले सङ्घीय व्यवस्थापिका विशेष न्यायिक समितिले सिफारिस गरी सङ्घीय व्यवस्थापिकामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको

वहुमतबाट अनुमोदन भएका व्यक्तिलाई सङ्घीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीशमा नियुक्ति गर्ने।

- प्रधान न्यायाधीश वा अन्य कुनै न्यायाधीश कार्यक्षमताको अभाव वा खराब आचरण वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको वा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको वा आचार संहिताको गम्भिर उल्लङ्घन गरेको वा शारीरिक वा मानसिक अस्वस्थताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको भन्ने आधारमा सङ्घीय व्यवस्थापिकामा महाअभियोग प्रस्ताव प्रस्तुत गर्न सकिने र सो प्रस्ताव तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको दुईतिहाई बहुमतबाट पारित भएमा निज स्वत: पदमुक्त हुने।

प्रतिवेदनमा सहमति हुन नसकेका तर बहुमतबाट पारित भएका उल्लेख्य प्रावधानहरू

- नयाँ संविधान जारी भएको तीन महिनाभित्र सबै तहका न्यायाधीशहरूको पुनर्निर्युक्ति हुनुपर्ने। तीन महिनाभित्र नियुक्त नपाउने न्यायाधीशहरूले अवकाश प्राप्त गर्ने।
- सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेको व्यक्ति सेवा बाहिरबाट सिधै प्रधान न्यायाधीश पदमा नियुक्ति हुन पाउने।
- सर्वोच्च अदालत, राज्य/उच्च अदालत र स्थानीय अदालतका न्यायाधीशहरूको सम्बन्धित व्यवस्थापिकाको न्याय समितिबाट नियुक्तिको सिफारिस हुने र सम्बन्धित व्यवस्थापिकाबाट अनुमोदन भएपछि नियुक्ति पाउने र सोही प्रक्रियाद्वारा न्यायाधीशलाई हटाउन सकिने।
- नियुक्ति गर्ने व्यवस्थापिकाबाट न्यायाधीश विरुद्ध भ्रष्टाचारको उजुरी लिई कारबाही चलाउन सकिने।

कार्यपत्र

- राष्ट्रिय महत्वको पद र अधिकारसँग सम्बन्धित तथा राजनीतिक विषयसँग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसँग कानून बाझिएका विषयमा बाहेक संविधान र कानूनको व्याख्या गर्ने अधिकार संघीय सर्वोच्च अदालतलाई हुने।

प्रतिवेदनमा समावेश भएका फरक मतहरू

- न्यायाधीशहरूको पुनर्नियुक्तिको विषय अन्य संवैधानिक निकायहरूको पदाधिकारीहरूसँग समेत जोडिएको प्रश्न र संवैधानिक समितिको अधिकारक्षेत्र भित्र पर्ने विषय भएकाले न्यायप्रणाली समितिले निर्णय गर्न नमिल्ने।
- न्याय परिषदको सिफारिसमा सक्षम ढङ्गले संसदीय सुनुवाई गरी न्यायाधीशहरूको नियुक्ति गरिनु पर्ने। न्यायाधीशहरूको बर्खासी कानून बनाई प्रभावकारी बनाउने।
- सबै तहका अदालतका न्यायाधीशहरूको नियुक्ति/बर्खासी एउटै प्रकारको संयन्त्रबाट हनु पर्ने।
- सर्वोच्च अदालतको न्यायाधीशबाट नै प्रधान न्यायाधीश नियुक्ति हुन पर्ने।
- कानूनको अन्तिम व्याख्या सङ्घीय सर्वोच्च अदालतले नै गर्न पाउनु पर्ने।
- वाह्य संविधानका केही अनुभवहरू
- चीन
- व्यवस्थापिकीय अधिकार राष्ट्रिय जन काँग्रेस र स्थायी समितिमा रहने,
- राष्ट्रिय जन काँग्रेसका अधिकार:
  - संविधान संशोधन,
  - संविधानको कार्यान्वयनको अनुगमन तथा सुपरिवेक्षण,
  - सर्वोच्च जन अदालतको अध्यक्ष (प्रधान न्यायाधीश) को नियुक्ति ,
  - सर्वोच्च जन अदालतको अध्यक्षको वर्खास्ती तथा प्रत्यावहन,

कार्यपत्र

- स्थायी समितिको अधिकार:
  - कानुन तथा संविधानको व्याख्या,
  - सर्वोच्च जन अदालतको काम कारबाहीको सुपरिवेक्षण,
  - सर्वोच्च अदालतको उपाध्यक्ष तथा अन्य न्यायाधीशहरूको नियुक्ति र बर्खास्ती,

- उत्तर कोरिया:
  - सर्वोच्च जनसभा राज्यको सर्वोच्च अङ्ग,
  - सर्वोच्च जनसभाद्वारा प्रधान न्यायाधीशको नियुक्ति (निर्वाचनद्वारा) तथा संविधानको अन्तिम व्याख्या,

- क्यूबा:
  - जन सर्वोच्च अदालत राज्य परिषद तथा राष्ट्रिय जनसभाको मातहतमा रहने,
  - अन्तर्राष्ट्रिय मापदण्ड

अन्त्यमा,

- एउटा, आजको युगमा अवलम्बन गरिने कुनै पनि विषयको सुधार वा परिवर्तन विधि लोकतान्त्रिक हुनैपर्ने,
- दोस्रो, त्यस्तो विधि उचित र तर्कसङ्गत हुनैपर्ने,
- तेस्रो, त्यस्तो विधि सविधानका विश्वव्यापी मान्यताहरूसँग मेल खाएकै हुनैपर्ने,
- चौथो, त्यस्तो विधि समय सान्दर्भिक हुनैपर्ने,
- पाँचौ, त्यसबाट आउने परिणाम सकारात्मक र भइरहेको व्यवस्थाभन्दा उन्नत हुनैपर्ने।

कार्यपत्र

राजु चापागाई

Independence of the Judiciary in the New Constitution: Human Rights Perspective (draft presentation for discussion)

- Coverage of Presentation
- Independence of the judiciary under Int. Human Rights Law
- Universally recognized principles on judicial independence
- Strengths and weaknesses of the CA Judicial Committee's draft text
- Comparative constitutional experiences
- Options for the new constitution

Judicial Independence as a matter of human rights "Everyone has the right to an effective remedy by the competent national tribunals for acts violating the fundamental rights ranted him by the constitution or by law." = UDHR, Article 8

"Everyone is entitled in full equality to a fair and public hearing by an independent and impartial tribunal, in the determination of his rights and obligations…."

= UDHR, Article 10

Judicial Independence as a matter of human rights

Article 14(1) of the ICCPR guarantees the right to equality before the courts and tribunals and right to a fair and public hearing by a competent, independent and impartial tribunal.

Article 2(3) of the ICCPR obliges the State to ensure that the right to a remedy is 'determined by competent judicial, legal or administrative authorities' .

In its General Comment No 13, the UN Human Rights Committee recognizes that the independence of judiciary consist of a number of things including "actual independence of the Judiciary from the executive branch and the legislative'.

This "principle of judicial independence" received considerable elaboration in the UN Basic Principles on the Independence of the Judiciary (1985), which, inter alia, requires:

- Guarantee of the Independence of the judiciary at the constitutional level
- Independence of the judicial function from other branches
- Guaranteed terms of office of the judges
- Finality of decisions, meaning that the decisions of the courts are not subject to any revision outside judiciary.

UN Basic Principles, inter alia, requires…..

- Exclusive authority to decide on own competence impartially .
- Jurisdictional exclusivity over all issues of a judicial nature (ban against exceptional or military courts.
- Guarantee of adequate resources including fiscal autonomy
- Fair and independent selection process and enumerated qualifications.

CA Judicial Committee Draft Text: Strengths and Weaknesses

Strengths:

- Recognizing that the judicial power is exercised by the courts and judicial institutions
- Decentralizing the writ jurisdiction at provincial court level
- PIL jurisdiction for courts at provincial level
- Empowering the state to create judicial institutions at local level and scope of ADR
- Clear jurisdictional demarcation between courts and other judicial/Quasi-judicial institutions
- Creation of a separate office of Prosecutorial General under the AG
- Sifting the "judicial review of law" power to Special Judicial Committee of the Legislature
- Inconsistent with stated international legal standards and basic principles on independence of the judiciary
- Virtually, there would be no independent check against parliamentary arbitrariness jeopardizing fundamental rights and freedoms.

कार्यपत्र

- No supremacy of the constitution; sift from constitutional supremacy to parliamentary supremacy; which could be converted into majoritorian supremacy
- Sifting the jurisdiction of the courts over matters in relation to high-level "political positions and power" to the Special Judicial Committee of the Legislature.
- Inconsistent with the principle of rule of law and equality

Weaknesses

- Lack of an independent and inclusive/ representative judicial appointment system
- Grounds for removal of judges appear ambiguous (inconsistent with Basic principles)
- Fails to ensure that all offences (except those which are of purely military nature) are subject to civilian courts
- Empowers the government to depute judges for non-judicial functions without consulting the judiciary.

Comparative Global Experiences….

Constitution of Maldives, 2008:

"Judges are independent, and subject only to the Constitution and the law…..in the performance of their judicial functions, Judges must apply the Constitution and the law impartially …" =Article 142

"The Supreme Court and the High Court shall have jurisdiction to enquire into and rule on the constitutional validity of any statute or part thereof enacted by the People's Majlis." =Article 143(a)

"The Supreme Court shall be the final authority on the interpretation of the Constitution, the law, or any other matter ……" =Article 145(c)

Constitution of Kosovo, 2008
" Judicial power in the Republic of Kosovo is exercised by the courts."

"The judicial power is unique, independent, fair, apolitical and impartial and ensures equal access to the courts."

"Courts shall adjudicate based on the Constitution and the law."

"Judges shall be independent and impartial in exercising their functions."
= Article 102

"The Constitutional Court is the final authority for the interpretation of the Constitution and the compliance of laws with the Constitution."

"The Constitutional Court is fully independent in the performance of its responsibilities" = Article 112.

=Masykur Abdul Kadir Case (2003)

The United Kingdom's Constitution Reform Act, 2005:
Creates a separate Supreme Court of the United Kingdom as a final judicial authority.
Sifting the judicial function of the House of Lords to the Supreme Court
= Article 23

Creates an independent Judicial Appointment Commission (Schedule 8)
Prescribes qualifications for the judges = Article 25

The Supreme Court is commencing its work from 1 October 2009
The preamble reads, "An act ….. to establish a Supreme Court of the United Kingdom, and to abolish the appellate jurisdiction of the House of Lords……"

कार्यपत्र

Constitution of East Timor, 2002:
"Courts are organs of sovereignty with competencies to administer justice in the name of the people."

"In performing their functions, the courts shall be entitled to the assistance of other authorities."
"Court decisions shall be binding and shall prevail over the decisions of any other authority." = Section 118

"Courts are independent and subject only to the Constitution and the law." =Section 119

Constitution of East Timor, 2002:
"The Supreme Court of Justice is the highest court of law and the guarantor of a uniform enforcement of the law, and has jurisdiction throughout the national territory." =Section 124
"Judges in office may not perform any other functions, whether public or private, other than teaching or legal research, in accordance with the law." = Section 122
"It is incumbent upon military courts to judge in first instance crimes of military nature." = Section 130

Constitution of Congo:
"Judicial Authority shall be exercised by the Supreme Court and the other national jurisdictions created by law."

"It shall be independent of the Executive Authority and the Legislative Authority." = Article 129

Constitution of Fiji
"The judicial power of the State vests in the High Court, the Court of Appeal and the Supreme Court and in such other courts as are created by law."

"The Supreme Court is the final appellate court of the State." = Section 117
"The judges of the State are independent of the legislative and executive branches of government." =Section 118

South African Constitution, 1996:
"The judicial authority of the Republic is vested in the courts.

"The courts are independent and subject only to the Constitution and the law, which they must apply impartially and without fear, favour or prejudice. "

" No person or organ of state may interfere with the functioning of the courts."

"Organs of state, through legislative and other measures, must assist and protect the courts to ensure the independence, impartiality, dignity, accessibility and effectiveness of the courts. " =Article 165

"The Constitutional Court- (a) is the highest court in all constitutional matters; (b) may decide only constitutional matters, and issues connected with decisions on constitutional matters...." =Article 167(3)

USA
US Supreme Court has been enjoying "judicial review power" since Marbury vs. Medision (1803) judgment, which says, "It is emphatically the province and duty of the judicial department to say what the law is."

India
The independence of the judiciary along with judicial review power of the Supreme Court is recognized (e.g. Keshavananda case) as one of the unamendable features of the Indian Constitution

Options for the New Constitution
- Ensuring that the "judicial review power" remains with the Supreme

Court or consideration might be given to creating a separate Constitutional Court as in South Africa ?

- Consideration might be given to confining the role of the judicial committee to ensuring parliamentary scrutiny over administration of justice?
- Ensuring that all are treated equally in terms of administration of justice regardless of the positions and power ?
- An independent and inclusive/ representative body for judicial appointment and guarantee of fair, transparent and consultative selection process ?
- Jurisdictional exclusivity of the civilian courts over all offences except offences of purely military nature ?

Options for the New Constitution

- Providing for non-admissibility of amnesty, pardon or withdrawal of criminal prosecutions for serious crimes including crimes under international law ?
- Duty of legislative and executive authorities to assist and protect the courts to ensure the independence, dignity, impartiality and effectiveness of the courts ?
- Guarantee of adequate resources including budget ?
- No power of the government to depute judges for non-judicial tasks without consulting the Judiciary?

फोटो: विमलचन्द्र शर्मा, ग्राफिक्स डिजाइन: गीता माली

मानवअधिकार र सामाजिक न्यायका निमित्त

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कलङ्की, सूचाटार, पो.ब.नं. २७२६, काठमाडौं

फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१

इमेल: insec@insec.org.np

वेबसाइट: www.insec.org.np, www.inseconline.org